# बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०७७

**प्रस्तावनाः** खेतीयोग्य बाँझो जग्गाको उपयोग गरी व्यवसायिक खेतीको प्रवर्धन गर्न "बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम" संचालन गर्ने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्षः

क) पहिले खेती गरिएका तर विविध कारणले विगत कम्तीमा तीन वर्ष देखि बाँझो रहन गएका जग्गा भाडामा लिई वा स्वयम् जग्गा धनीले जग्गामा पुनः खेती गर्न तथा हालसम्म खेती नगरिएको तर खेतीयोग्य जमिनको उपयोग बढाउनको लागि यो कार्यक्रम संचालन गर्नुपर्नेछ।

ख) कृषक, कृषिसँग सम्बन्धित फर्म/कम्पनी/समूह/सहकारी संस्थाले यस कार्यक्रममा सहभागी हुन सक्नेछन्।

ग) न्यूनतम ३ रोपनी क्षेत्रफल भएको बाँझो जग्गामा व्यवसायिक खेती गर्नुपर्नेछ।

ग) सम्बन्धित कृषि ज्ञान केन्द्रले सिफारिस गरेको बाली/जातको उन्नत प्रविधीको प्रयोग गरी खेती गर्नुपर्नेछ।

## २. आर्थिक पक्षः

अनुदान रकम र भुक्तानी प्रक्रिया निम्नानुसार हुनेछ ।

(क) बाँझो जग्गामा व्यवसायिक खेती गरे बापत प्रति रोपनी क्षेत्रफल रु. ३०००/- (अक्षरेपि तीन हजार मात्र) का दरले प्रोत्साहन स्वरुप नगद अनुदान उपलब्ध गराईनेछ।

(ख) स्थलगत अनुगमन प्रतिवेदनको आधारमा बाली लगाएको करिब १ महिना पश्चात मात्र अनुदान रकम उपलब्ध गराईनेछ।

(ग) बाँझो जग्गामा खेती सुरु गरे पश्चात एक महिनासम्म आवश्यक व्यवस्थापकीय कार्यहरु नगरिएको पाईएमा अनुदान रकम उपलब्ध गराईने छैन।

## ३. मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| १. | **खेती गर्ने बाँझो जग्गाको क्षेत्रफल** | २० |
| क | ३ रोपनी क्षेत्रफलमा खेती गरे वापत १० अंक प्रदान गर्ने र थप क्षेत्रफलका लागि प्रति रोपनी १ अंकका दरले थप गर्दै अधिकतम २० अंक सम्म प्रदान गर्ने। | २० |
| २. | **बाली सघनता** | २० |
| क | प्रति वर्ष तीन बाली वा बहुबर्षिय बाली | २० |
| ख | प्रति वर्ष दुई बाली | १५ |
| ग. | प्रति वर्ष एक बाली | १० |

| | | |
|---|---|---|
| ३. | **बाँझो जग्गाको लागि बनाइएको व्यवसायिक योजना** (नविनतम सोच, दिगोपना, बजारीकरण लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | १० |
| | **जम्मा** | ५० |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

*(क)* "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

*(ख)* प्रस्तावित बाँझो जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० बर्षको करार सम्झौताको प्रतिलिपि।

*(ग)* व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि।

**५.प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| बाँझो जग्गा भएको स्थानको ठेगानाः | अध्यक्ष/प्रोपाईटर/कृषकको नामः<br>सम्पर्क नः |

**ख. बाँझो जग्गा सम्बन्धि विवरण**

- बाँझो जग्गाको क्षेत्रफलः
- बाँझो जग्गाको कित्ता नं.
- जग्गाधनीको नामः
- बाँझो रहन सुरु भएको मितिः

**ग) खेती गरिने जग्गाको विवरण**

| क्र.सं. | खेती गरिने बालीको नाम | जात | लगाईने क्षेत्रफल रो. | कित्ता नं. | बाली रोपिने मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | जम्मा | | | | |

रोजगारी सिर्जनाः वार्षिक उत्पादनः वार्षिक बिक्री कारोबारः

**घ) अन्य व्यवसायिक योजना**

- खेती/व्यवसाय संचालन सम्बन्धी कुनै नविनतम प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस्।
- बजार योजना (उत्पादित बस्तुको बिक्रि वितरण कहाँ र कसरी गर्नुहुन्छ) ?

**ङ) अन्य बिषय केही भए उल्लेख गर्नुहोस्।**